वा:पौ (साप्ताहिक)

# नगर सन्देश

कीर्तिपुर नगरपालिकाको बुलेटिन

वर्ष १ ● अंक ३ ● ने.सं. ११४० थिंलाथ्व खस्थि ● वि.सं. २०७६ मंसिर १६ गते, सोमबार ● 2019 December 2 Monday ● पृष्ठ ८

## दक्षिण एशियाली खेलकुद (साग)

# कीर्तिपुरमा






खेलकुदको महाकुम्भको रुपमा लिइएको दक्षिण एशियाली खेलकुद (साग)को १३ औं संस्करण आइतवारदेखि काठमाडौं, पोखरा र जनकपुरमा भइरहेको छ। बंगलादेश, भुटान, भारत, माल्दिभ्स, पाकिस्तान, श्रीलंका र नेपालले भागलिइरहेको यस साग खेलकुद्मा तीनवटा खेलहरू कीर्तिपुरमा भैरहेको छ।

आइतवार भव्य उद्घाटन गरी सञ्चालन भैरहेको सागका ३१ खेलहरूमध्ये खोखो, फेन्सिङ्ग र क्रिकेट खेलहरू कीर्तिपुरमा भैरहेको छ। कीर्तिपुरमा आइतबार नै युवा तथा खेलकूद मन्त्री जगतबहादुर विश्वकर्माले कीर्तिपुर कभर्ड हलमा खोखो खेलको उद्घाटन गर्नुभयो। उद्घाटन कार्यक्रममा कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जन, उपमेयर सरस्वती खडका र १ नं. वडाका अध्यक्ष हर्ष महर्जन, ३ नं. का अध्यक्ष राजेन्द्र महर्जन, ९ नं.का अध्यक्ष गंगाराम महर्जन र १० नं.का अध्यक्ष अमन महर्जनको पनि उपस्थिति थियो। खो खो खेल नेपाल, बङ्गलादेश, श्रीलंका र भारत देशबीच प्रतिस्पर्धा हुनेछ भने फेन्सिङ्ग खेल नेपाल, भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलंका बीच प्रतिस्पर्धा हुनेछ। त्यसैगरी क्रिकेट खेल बङ्गलादेश, भुटान, माल्दिभ्स, श्रीलंका र नेपालबीच प्रतिस्पर्धा हुनेछ।

खो खो र फेन्सिङ्ग खेल कीर्तिपुर स्थित नवनिर्मित कीर्तिपुर कभर्ड हलमा हुँदैछ भने क्रिकेट खेल कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट खेल मैदानमा हुँदैछ। खो खो खेल डिसेम्बर १ देखि ४ डिसेम्बरसम्म हुनेछ भने फेन्सिङ्ग खेल डिसेम्बर ६ देखि डिसेम्बर ९ सम्म सञ्चालन हुनेछ। डिसेम्बर १० मा समापन हुने सागका केही खेलहरू नोभेम्बर २७ तारिखदेखि नै भइरहेको छ।





## शुभकामना -

**कीर्तिपुरको ऐतिहासिक न्ह्यगां जात्रा (सात गाउँले जात्रा) को उपलक्ष्यमा समस्त नगरवासीहरुलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।**

**रमेश महर्जन**, प्रमुख
**सरस्वती खड्का**, उप प्रमुख
तथा
**कीर्तिपुर नगरपालिका परिवार**

## सम्पादकीय

# साग खेलकुद् र कीर्तिपुर

१३ औं दक्षिण एशियाली खेलकुद (साग) काठमाडौं र पोखरामा भैरहेको छ। खेलकुदको महाकुम्भको रुपमा लिइएको यस सागका विभिन्न खेलकुदहरू मध्ये तीनवटा खेलहरू कीर्तिपुरमा भैरहेको छ। बंगलादेश, भुटान, भारत, माल्दिभ्स, पाकिस्तान, श्रीलंका र नेपालले भागलिइरहेको यस साग खेलकुद्मा खोखो, फेन्सिङ्ग र क्रिकेट कीर्तिपुरमा भैरहेको हो। खोखो र फेन्सिङ्ग खेल कीर्तिपुरमा भर्खरै निर्माण भएको कीर्तिपुर कभर्ड हलमा भैरहेका छन् भने क्रिकेट त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भैरहेको छ। यस खेलकुद्ले खेल र खेलाडीहरूको विकास त हुने नै हो सँगसँगै यससँग सम्बन्धित ठाउँहरूको पनि प्रचार प्रसार हुने भएकोले पर्यटकहरूलाई पनि आकर्षित गर्नेछ।

नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० को पूर्व सन्ध्यामा यस साग खेलकुद्को आयोजनाले नेपालबारे प्रचार प्रसार गर्ने राम्रो मौका मिलेको छ। ऐतिहासिक र साँस्कृतिक रुपले महत्वपूर्ण कीर्तिपुरको पनि यस साग खेलकुद्ले राम्रैसंग प्रचार प्रसार हुनेमा दुईमत नहोला। सागकै कारणले कीर्तिपुरको बारेमा पनि राम्ररी प्रचार प्रसार गरी यस ठाउँलाई पनि पर्यटकीय गन्तब्यको रुपमा विश्वसामू विकास गर्न सकिनेछ।

साँस्कृतिक रुपले सम्पन्न यस कीर्तिपुर क्षेत्रमा साग खेलकुद् भैरहेकै बेलामा कीर्तिपुर लागायत आसपासका क्षेत्रमा ठूलै जात्रा हुने भएको छ। न्हयूगां जात्रा (सातगाउँले जात्रा) को नामबाट प्रसिद्ध यस जात्रामा पनि साग खेलकुद् अवलोकन गर्न आउने आन्तरिक तथा बाह्य दर्शकका साथै खेलाडीहरूलाई समेत अवलोकन गराउन सकेको खण्डमा यस कीर्तिपुरको ऐतिहासिक संस्कृति र यसको पहिचान देखाउन सक्छौं। जसले गर्दा नेपालले अपेक्षा गरेको संख्यामा पर्यटक भित्र्याउने संख्यामा थोरै भएपनि टेवा पुग्नेछ।

# कीर्तिपुरमा खानेपानी आयोजनाको निरीक्षण





कीर्तिपुर नगरपालिकाका मेयर रमेश महर्जनको नेतृत्वमा खानेपानी आयोजनको निरीक्षण भएको छ। कीर्तिपुर नगरपालिका वडा नं. ४ स्थित सिम्लेखोलामा बनेको उक्त खानेपानी आयोजनाबाट कीर्तिपुरको गाम्चा, सल्यानस्थान, भुलपोखरी, कीर्तिपुर, पांगा र नगाउँका बासिन्दाहरू लाभान्वित हुनेछन्।

मंसिर ८ गते मेयर रमेश महर्जनज्यूको नेतृत्वमा कीनपाका उपमेयर सरस्वती खड्का, प्रदेश सभासद् पुकार महर्जन, वडा नं. ४ का अध्यक्ष राजेन्द्र बानियाँ, काठमाडौं उपत्यका खानेपानी लिमिटेडका तर्फबाट कीर्तिपुर खानेपानी शाखाका प्रमुख मिलन थापा लगायत सहभागी टोलीले उक्त खानेपानी आयोजनाको निरिक्षण गरेको हो। त्यस्तै कीर्तिपुर नगरपालिका वडा नं. ४ गाम्चामा बन्दै गरेको सामुदायिक पाटी र तल्लो गाम्चाको बाटो ढलानको नगरपालिकाका उपमेयर सरस्वती खड्काले निरीक्षण गर्नुभयो।

# नगरपालिकाका प्राविधिकहरूको तालिम सम्पन्न



कीर्तिपुर नगरपालिकाका प्राविधिकहरूको १० दिने तालिम सम्पन्न भएको छ। सीप विकास एवं जग्गा एकीकरण तथा नक्सा सम्बन्धी तालिम गत मंसिर ५ गते कीर्तिपुर नगरपालिकाको नयाँ भवनमा सम्पन्न भएको हो।

तालिममा प्राविधिकहरूलाई नेपालमा प्रयोग हुने ४/५ लाख देखि ४८ लाखसम्म पर्ने सर्भे मेशिनको बारेमा जानकारी गराइएको थियो। प्राविधिक ज्ञानका साथै सैद्धान्तिक र व्यवहारिक ज्ञानको बारेमा प्रष्ट पारेको उक्त तालिममा संघरत्न वज्राचार्यले कक्षा लिनु भएको थियो। अथिति प्रशिक्षकको रुपमा ज्योमेक्ट्रीक कलेजका भू.पू. प्रिन्सिपल वसन्त शर्मा, नापि विभागका भू.पू महानिर्देशक रविन काजी शर्मा र मापल इन्जिनियरिङ्ग कन्सल्टेन्टका प्रबन्धक इन्जिनियर सविन वज्राचार्यले कक्षा लिनुभएको थियो।

समापन समारोहमा प्रमुख अतिथि मेयर रमेश महर्जनले प्राविधिकहरू सक्षम नभइकन देश नबन्ने भएकोले प्राविधिकरुलाई सक्षम बनाएरै समृद्ध कीर्तिपुर निर्माण गर्ने बताउनु भयो। सार्वजनिक जग्गा मिचिएको ठाउँमा स्वभाविकै रुपमा प्राविधिकहरूलाई दवाव आउने भन्दै सचेत गराउनु भयो। उपमेयर सरस्वती खड्काले नगरमा प्राय जग्गामै विवाद हुने भएकोले प्राविधिकरूको भूमिका महत्वपूर्ण हुने कुरा बताउँनु हुँदै रिपोर्ट प्रष्ट हुनुपर्नेमा जोड दिनुभयो।

१० जना प्राविधिकहरूको सहभागिता रहेको उक्त तालिममा सहभागीहरूलाई मेयर महर्जनले प्रमाण पत्र वितरण गर्नुभएको थियो।

## पाठक प्रतिक्रिया

# यसो गरे कसो होला ?

**श्री सम्पादक ज्यु,**
**नगरसन्देश**

काम विशेषले कीर्तिपुर नगरपालिका जाँदा यहाँहरूको मुखपत्र नगरसन्देशको पहिलो अङ्क हात लाग्यो। नगर गतिविधिको लागि साप्ताहिक बुलेटिन प्रकाशन गर्नु भएकोमा खुशी लाग्यो। पत्रिकाको स्तरीयताका लागि मेरा केही सुझाव छन्ः

१) 'हाम्रो भन्नु छ' स्तम्भ मार्फत जनगुनासो राख्दा राम्रो। यसले नगरको कुन ठाउँमा के समस्या छ, योजना बनाउन सहज होला।

२) 'जनप्रतिनिधिका कुरा' स्तम्भ पनि जरुरी देख्छु। वडासदस्य सम्मले आफ्ना कामको अनुभव साटेको राम्रो।

३) पहिलो अङ्कमा मेयरज्यूको शुभकामना सन्देश चाहिन्थ्यो कि ? अनि बालिबालिकासंग मेयर शीर्षकको समाचारको तस्विरमा मेयरज्यूको अनुहार प्रष्ट देखिन्न। तस्विर छनोटमा ध्यान दिनुपर्ला।

४) दुई पृष्ठ नेपाल भाषामा गतिविधि ठीक छ।

५) विभिन्न पत्रपत्रिकामा कीर्तिपुरको चिनारी दिने समाचार छापिन्छन्। तिनलाई पनि आवश्यक सम्पादन गरी ठाउँ दिए राम्रो।

६) शब्द छनोट र शुद्धाशुद्धिमा ध्यान पुऱ्याउनु पर्ला। जस्तो कि घरघरमा स्थानीय सरकार समाचारमा 'स्वर्गारोहण' शब्दको सट्टा निधन उपयुक्त हुन्थ्यो। स्वर्गारोहण पहिले राजपरिवारका सदस्यको मृत्यू हुँदा प्रयोग हुन्थ्यो।

अन्तमा नगरसन्देश नियमित होस्।

**कृष्णराज सर्वहारी**
वरिष्ठ सहसम्पादक
अन्नपूर्ण पोष्ट दैनिक
हालः कीर्तिपुर, नयाँबजार

# किपूया ईन्द्रायणी जात्रा राज्यमन्त्रीनं अबलोकन याइगु



न्हयूगां जात्राया भ्ववलय् द्यःतय् दक्कले थकालीम्ह ईन्द्रायणी द्यःया जात्रा किपुलिइ जुइगु खः। उगु जात्रा स्वयेत संघीय सरकारया हनेबहम्ह शहरी विकास राज्यमन्त्री रामबीर मानन्धर भ्फाइगु जूगु दु।

वयूकः राज्यमन्त्री जूगु लसताय् बधाई बीत भ्फायादीम्ह किपू नगर पालिकाया मेयर रमेश महर्जनं जात्रा स्वःभ्फायेत ब्वंगु खः। मंसिर २० गते जुइगु उगु जात्रा स्वःवयेगु रँज्यमन्त्री नं बचं बियादीगु मेयर महर्जनं जानकारी ब्यूगु दु। उगु इलय् राज्यमन्त्री मानन्धरं कीर्तिपुर अस्पतालया नं निरिक्षण यानादीगु धयादीगु दु।

# पांगाय् श्रीकृष्ण द्यः फल्चाया शिलान्यास

किपू नगरपालिका वडा नं. ५, ध्वाखाफःया श्रीकृष्ण द्यः फल्चा दयेकीगु जूगु दु। किपू नगरपालिका ५ नं. वडा व लुमन्ति आवासको लागि सहयोग समूहया मंकाः ग्वहालिं थुगु फल्चा दयेकीगु जूगु खः।

वंगु मंसिर ५ गते त्वाः थकाली गोविन्द महर्जनं शिलान्यास यानादीगु थुगु फल्चा ३५ लख तका तुइगु उपभोक्ता समितिया छ्याञ्जे नन्दकुमार महर्जनं जानकारी बियादिल। लुमन्ति आवासको लागि सहयोग समूहं २४ लख, किपू नगरपालिका ५ नं. वडां १० लख व स्थानीय जनश्रमदान छगू लख तका ग्वहालिं फल्चा दयेके क्वचाइगु जानकारी ब्यूगु खः।

२०७२ सालया तःभुखाचं दुनावनां पाःताः हे जुयाच्वंगु थुगु फल्चाय् दँयुदसं कृष्णाष्टमिखुन्हु कृष्ण द्यःया किपालिसें द्यःया मूर्ति नं ब्वइगु खः। वइगु जात्रातक डिपिसी सिधइकथं ज्या जुयाच्वंगु थुगु फल्चा वइगु माघ २९ गतेतक दयेके क्वचाइगु उपभोक्ता समितिं जानकारी ब्यूगु दु।

# किपूनगरय् गाःगीत ल्हाकल

किपूनगरया लँय् दुगु गाःगीत ल्हाकूगु दु। न्हयूगां जात्राया भ्ववलय् किपुलिई पाहाँपिं वइगु जूगुलिं किपू नगरपालिकां थथे लँय् दुगु गाःगीत ल्हाका पीच याःगु खः। किपूया गेट (लेबोरेटोरी स्कूलं) निसें हे थ्व ज्या याःगु खःसा पांगाय् ध्वाकासी निसें द्यःचपाःया लँ व ईछें निसें बाघभैरव तक थथे गाःगीत ल्हाकूगु खः।

# किपूया ज्याथःजिथिपिं धार्मिक भ्रमणय्




किपू नगरपालिका वडा नं. १ या ज्याथःजिथिपिंत धार्मिम भ्रमणय् यंकूगु दु। वडा नं. १ या ग्वसालय् यंकूगु थुगु भ्रमणय् मनकामना, देवघाट व नवलपर ासीया सिद्धिधामय चाःहिकइके यंकूगु खः। खुइम्ह ज्याथःजिथिपिंलिसें नीप्यम्ह स्वयम्सेवकपिं थुगु भ्रमणय् वंगु खः।

स्वंगः बसय् वंपिं ज्याथःजिथिपिंत शुक्रवाः सुथय् किपू नगरपालिकाया मेयर रमेश महर्जन, किपू नगरपालिका वडा नं. १ या अध्यक्ष हर्ष महर्जन २ या अध्यक्ष रमेशमान डंगालपिंसं सिन्हः तिकाः खादा क्वखायेका विदाई यानादीगु खः।

अथेहे किपू नगरपालिका वडा नं. ५ यू च्वंपिं ज्याथःजिथिपिंत नं धार्मिम भ्रमणय् यंकूगु दु। वडा नं. ५ या ग्वसालय् लुम्बिनीइ थुगु भ्रमण यंकूगु खः। न्हयेम्ह ज्याथःजिथिपिं लिसें भिंन्याम्ह स्वयंसेवकयाना चयेन्याम्ह थुगु भ्रमणय् वंगु खः। शुक्रवाः हे स्वंगः बसय् धार्मिम भ्रमण् वंपिं थुगु ५ नं. वडाया ज्याथःजिथिपिंत किपू नगरपालिकाया मेयर रमेश महर्जन, उपमेयर सरस्वती खड्का, ५ नं. वडाया अध्यक्ष राजेन्द्र महर्जन व २ नं. वडाया अध्यक्ष रमेशमान डंगोलपिंसं सिन्हःतिकाः खादा क्वखायेका विदाई यानादीगु खः।

शनिवाः वडा नं. २ पाखें नं थःगु वडाय् च्वंपिं ज्याथःजिथिपिंत धार्मिक भ्रमणय् ब्वनायंकूगु दु। नवलपरासीया सिजिधाम, त्रिवेणीघाट, बौद्धविहारय् चाःहिइकीगु खःसा आइतवाः देवघाट जुयाः लिहाँ वयेगु अध्यक्ष रमेशमान डंगोलजुं जानकारी बियादिल। लुमंकेबहःजू, किपुलिई ज्याथःजिथिपिंत थथे धार्मिक भ्रमण यंकेगु स्वदँ न्हयः ३ नं. वडां शुरुयाःगु खःसा ३ नं. वडां थुगुसी वंगु कार्तिकंतिनि स्वक्वःखुसि पोखरा व छाब्दीबाराहि चाःहिइका हःगु खः।

# चीहा संकिपा कासाय् १६ संकिपा दुथ्यात



किपू नगरपालिकां ग्वसाःग्वःगु “किपू” दुथ्याइगु चीहा संकिपा कासाय् १६ गू संकिपा दुथ्याःगु दु। छुं न्हि न्ह्यः किपू नगरपालिकाया मेयर रमेश महर्जनं नेपाल भ्रमण दँ २०२० यात लक्षितयाना किपू दुथ्याइ कथंया चीहा संकिपा कासा यायेगु घोषणा यानादीगु खः। उकीया तयारी यानाच्वंनादीगु दुसा संकिपा मंसिर १२ गते तक दुथ्याकेगु ई बियातःगु खः।

थ्वहे झ्वलय् किपू दुथ्याइगु संकिपा दयेकेज्या जुइत्यंगुलिं किपूया बारे छुं नं खँया जानकारी बीमाःसा धकाः किपूया बारे विज्ञपिनिगु छगू मुँज्या नं वंगु मंसिर १० गते किपू नगरपालिका भवनय् च्वंगु खः। किपूया श्रोतब्यक्तिकथं डा. चन्द्रमान वज्राचार्य, बज्रमुनि वज्राचार्य, प्रयागमान प्रधान, जीवन महर्जन, पवन जोशी आदिपिनिगु ब्वति दुगु खः।

मुँज्याय् श्रोतब्यक्तिपिंसं किपूया बारे अझं यक्व विषयलय् अनुसन्धान याये ल्यं हे दनिगु न्ह्यथनादिसें किपुया बारे कनेमाःसा थनया संस्कृति व परम्परायात आधुनिक ईलिसें हिइका बैज्ञानिक ढंगं समाजयात सकारात्मक परिवर्तन यायेगु खँय बःबीगु धयादीगु खः।

लुमंकेबहःजू, थुगु चीहा संकिपाय् न्हाप लाःम्हेसित छगू लख, ल्यू लाःम्हेसित न्हयेन्याद्वः तका, लियांल्यू लाःम्हेसित न्ययेद्वः तका व हःपा निगु संकिपायात म्हतिं नीन्याद्वः नीन्याद्वः तका दांया सिरपा बीगु धकाः ग्वसाःखलः किपू नगरपालिकां घोषणा यानातःगु खः।

## पांगाय् द्यःचपाः फल्चा ल्ह्वनेज्या क्वचाइन

न्ह्यगांयात हे लक्षितयाना किपू नगरपालिका वडा नं. ८, द्यःचपाः थायुच्वंगु फल्चाया ल्ह्वनेज्या (जिर्णोद्धार) लिपांगु चरणय् थ्यंगु दु। पांगाया बालकुमारी व विष्णुदेवीया द्यः खः दिकेगु थ्व थासय् च्वंगु फल्चा पुलां नेवाः पहलं दयेकेज्या जुयाच्वंगु खः। जात्राया इलय् द्यःखः दिकेधुंकाः थ्व हे फल्चाय् च्वनां काहाँ पुइगु खः। जात्राया इलयूतक फल्चाया पौ तक हे तये सिधइगु वडा अध्यक्ष विनोद महर्जनजुं जानकारी बियादीगु दु।

अथेहे वडा नं. ८ यू च्वंगु ध्वकासीं कार्की टोल वनेगु लँ व तुंचाखेलया लँ नं ल्वँहतं सीगु ज्या क्वचायेधुंकूगु दु।

## न्हयगां जात्राया झ्वलय् थःछैंय् मवंम्ह द्यः गाम्चाय्

न्हयगां जात्राया झ्वलय् थःछैंय् मवंम्ह द्यः कथं गाम्चाय् जुइगु जात्रायात कयातःगु दु। न्हापान्हापा किपूया गाम्चा (थौं कन्हय् किपू नगरपालिका वडा नं. ४) यू च्वंम्ह विष्णुदेवी द्यः न्हयगां जात्रा खुन्हु बःखुइ यंका हे जात्रा याइगु खःसा तःदँनिसें अन वनेत बुँ फातं बुँ फातं वनेमाःगु अले लँ हे मदुगुलिं बःखुई मयंकूसे स्थानिय झुलपोखरी व भगवानस्थानया ख्यलय् जक जात्रा याइगु यानावयाच्वंगु खः।

उकिं थन गाम्चाय् जुइगु थुगु जात्रायात थःछैंय् वने मफुम्ह द्यःधकाः धायेगु यानाच्वंगु खः। धिमे व बाँसुरी पुया हे भःभः धायेक न्यायेकीगु थनया जात्राय् नं लाखे पाः च्वनेगु चलन दुगु स्थानीय डिक्सन महर्जनं जानकारी ब्युगु दु।

## किपुलिई मिखा शिविरय् सितिकं चश्मा इन

कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्र, जन पोलि क्लिनिकया ग्वसालय् मिखा परीक्षण व सितिकं चश्मा इनेज्या जुयाच्वंगु दु। आःयात किपू नगरपालिकाया वडा नं. १,२,३,९ व १० यू च्वंपिं पीदँ व वस्वयां च्वयेच्वंपिंत मिखाया दृष्टि परिक्षण याना चश्मा माःपिंत सितिकं हे इनाच्वंगु खः। मंसिर १२ गते निसें न्ह्याःगु थ्व शिविर १६ गते तक जुइगु खः। न्हापांगु न्हि १ नं. वडाया २५० म्ह मनुखं नां च्वकादीगु खःसा २१० म्हं थःगु मिखा जाँचे याकूगु खः। उकी गुलिसिनं न्हयःने च्वंगु व तापाक च्वंगु स्वयेगु नितां चश्मा माःगुलिं मुक्कं २३० गू चश्मा इना बी धुंकूगु ग्वसाःखलः जन पोलि क्लिनिक व इटलीया संस्था जुलियानो डि मार्कि पर ईल नेपाल, इटलीया संयोजक नारायण महर्जनं जानकारी बियादिल।

ज्याझ्वः किपू नगरपालिका, स्वास्थ्य तथा फोहर मैला व्यवस्थापन, वन व वातारण समिति व जुलियानो डि मार्कि पर ईल नेपाल, इटलीया ग्वहालिई जुयाच्वंगु खः।




स्वागतम् : १३ औं दक्षिण एशियाली खेलकुद्मा सहभागी खेलाडीहरु लगायत समस्त महानुभावहरुमा कीर्तिपुर नगरपालिका हार्दिक स्वागत गर्दछ। *तस्बिर : ज्ञानकुमार महर्जन*

# नगरपालिका र सिविन बीच सम्झौता



बालबालिकाहरूको हक हितका क्षेत्रमा काम गरिरहेको गैरसरकारी संस्था सिविनले कीर्तिपुर नगरमा आफ्नो कार्यक्रमहरू गर्ने भएको छ।

सिविनको ३३ औं वार्षिकोत्सवको भोलिपल्ट मंसिर ५ गते कीर्तिपुरमा पनि बालअधिकारको संरक्षण गर्न, बाल संरक्षण कोष नै खडा गरी कामहरू गर्न, बालश्रम निषेध गर्न, भ्रष्टाचारमुक्त अभियानमा बालबालिकाको भूमिका रहने जस्ता विविध कार्यहरू गर्न नगरपालिकासँग सम्झौता (MOU) गरेका छन्। कीर्तिपुर नगरपालिकाका उपमेयर सरस्वती खड्का र सिविनका तर्फबाट कार्यकारी निर्देशक सुम्निमा तुलाधरले उक्त सम्झौता पत्र (MOU) मा हस्ताक्षर गर्नु भएको हो। मेयर रमेश महर्जनको उपस्थितिमा नगरपालिका भवनमै भएको उक्त हस्ताक्षर कार्यक्रममा सिविनले सञ्चालन गरिरहेको बालहेल्प लाइन १०९८ को बारेमा पनि बताउनु भएको थियो। स्मरण रहोस्, कीर्तिपुर नगरपालिकाले नगरभित्र बालश्रम निषेधको घोषणा गरिसकेको छ।

# ३ नं. वडाय् महिला संजाल समिति पुनःगठन

किपू नगरपालिका वडा नं. ३ य् थीथी १८ गू मिसा पुचः (महिला समूह) त क्रियाशिल जुयाच्वंगु दु। थुपिं दक्वं मिसा पुचःतय्त समन्वय् यायेकथं वंगु मंसिर ९ गते महिला संजाल समिति पुनःगठन याःगु दु। किपू नगरपालिका वडा नं. ३ या नायः राजेन्द्र महर्जनया रोहवरय् च्वंगु मुँज्याय् दक्व हे मिसा पुचःया प्रतिनिधिं ब्वतिकाःगु खः।

शहिद कीर्ति भवन, हितिगालय् च्वंगु उगु मुँज्यां प्रमिला महर्जनया अध्यक्षताय् १८ म्हेसियागु ३ नं. महिला संजाल समिति गठन याःगु खः। वडाय् मिसा लक्षित छुं नं ज्याभ्व: यायेत अःपुइकथं थुगु समिति दयेकेमाःगु जानकारी ब्यूगु खः।

*"साँस्कृतिक र प्राकृतिक सम्पदायुक्त, शैक्षिक एवं पर्यटकीय शहर*
*स्वच्छ हराभरा, समावेशी तथा समुन्नत हाम्रो कीर्तिपुर नगर"*

## सम्पूर्ण नगरबासीहरुमा अनुरोध

### नगरपालिकाको अनुमति लिएर मात्र भवन निर्माण गरौं ।
### भूकम्पीय प्रतिरोधात्मक पूर्वाधार/संरचनाको निर्माण गरौं ।

- आफ्नो टोल, चोक, घर, आँगन हामी आफैंले सफा सुग्घर राखी सभ्यताको परिचय दिऔं।
- आफ्नो घर अगाडिको सडक तथा फुटपाथमा निर्माण सामाग्री तथा अन्य कुनै पनि सामान नराखौं।
- बालश्रम प्रयोग नगरौं।
- नगरपालिकालाई बुझाउनु पर्ने कर, सेवा शुल्क समयमै बुझाऔं।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइ सराइ, सम्बन्ध विच्छेद, मृत्यु) को ३५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गराई प्रमाण-पत्र लिऔं।
- नगरपालिका कार्यालय प्रति केही गुनासो भए नगरपालिकाको कार्यालयको ध्यानाकर्षण गराऔं।
- संस्थाहरू सञ्चालन गर्न कोठा भाडामा लिँदा घरको नक्सा पास भए नभएको र घरकर तिरेको वा नतिरेको हेरौं।

## कीर्तिपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

देवढोका, कीर्तिपुर, फोनः ४३३१९६३, ४३३१११०, फ्याक्स : ४३३१३८१
वेबसाइट : www.kirtipurmun.gov.np

# कीर्तिपुर नगरपालिकाले वर्ल्ड बैंकसँग सहकार्य गर्ने



कीर्तिपुर नगरपालिकाले वर्ल्ड बैंकसँग सहकार्य गरेर नगरमा विभिन्न कामहरू गर्ने भएको छ। उपत्यकाका विभिन्न नगरपालिकाहरूमा शहरी गरीवी निवारण कार्यक्रम अन्तर्गत प्रो पोर अर्वान रिजेनेरेशन पाइलट प्रोजेक्ट सञ्चालन गर्ने बारे एक छलफल गरी कीर्तिपुरमा पनि सो कार्यक्रम गर्न लागेको हो।

आयोजनाले ललितपुर महानगरपालिकामा यस भन्दा पहिले नै उक्त कार्यक्रमहरू चलाउँदै आइरहेकोमा हाल त्यस बाहेकका नगरपालिकाहरूमा सो कार्यक्रम सञ्चालन गर्ने लागेको हो। ललितपुर महानगरपालिकाका मेयर चिरीबाबु महर्जन संयोजक रहेको उक्त पाइलट प्रोजेक्ट वर्ल्ड बैंकको सहयोगमा ललितपुर महानगरपालिका, दक्षिणकाली नगरपालिका, महालक्ष्मी नगरपालिका, गोदावरी नगरपालिकाका साथै कीर्तिपुर नगरपालिकामा सञ्चालन गर्न लागिएको हो।

## सूचना ! सूचना ! सूचना !

२०७६ सालको इन्द्रायणी जात्रा व्यवस्थित तथा सहज रुपमा सञ्चालन गर्न जात्रा हुने बाटो लगायत अन्य बाटोमा राखिएका निर्माण सामाग्री तथा अन्य सामाग्रीहरू हटाई आ-आफ्नो टोलमा सरसफाई गरी जात्रा र जात्रामा पाल्नु हुने महानुभावहरूलाई सहज रुपमा आवागमन गर्ने कार्यमा सहयोग गरिदिनुहुन सम्पूर्ण नगरवासीहरूमा अनुरोध गरिन्छ।

साथै नगरपालिकाको ११ गतेको कार्यपालिकाको बैठकबाट जात्राको अवसरमा यही मंसिर २० गते शुक्रवार सार्वजनिक बिदा गर्ने निर्णय गरेकोले सम्बन्धित सबैलाई सूचित गरिन्छ।

**कीर्तिपुर नगरपालिका,** *देवढोका, कीर्तिपुर*

कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित र सम्पादित • संयोजक : ज्ञानकुमार महर्जन • मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
• कार्यालय : कीर्तिपुर नगरपालिका भवन • फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) • वेबसाइट : www.kirtipurmun.gov.np
• ई-मेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np • Facebook : facebook.com/kirtipurmun • Facebook : Nagar Sandesh • ई-मेल : nagarsandes@gmail.com